## मिति २०७६ साल भाद्र २७ गते संचालन गरिने चार वर्षे स्नातक तह कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि (B.Sc.CSIT) विषय २०७६ को प्रवेश परीक्षामा केन्द्राध्यक्ष र परीक्षार्थीहरुले पालना गर्नु पर्ने निर्देशन

१) प्रवेश परीक्षाको समय दिनको १२:०० बजे देखि २:०० बजे सम्म २ घण्टाको हुने छ ।

२) परीक्षार्थीले सिट प्लान अनुसार तोकिएको स्थानमा बसी परीक्षा दिनु पर्नेछ ।

३) बिना प्रवेश पत्र परीक्षार्थीलाई परीक्षामा बस्न दिईने छैन ।

४) परीक्षा संचालन भएको आधा घण्टा पछि आउने परीक्षार्थीहरुलाई प्रवेश परीक्षामा समावेश नगराउने ।

५) प्रवेश परीक्षामा सम्मिलित परीक्षार्थी र प्रवेश पत्रमा भएको फोटो एकै व्यक्तिको हो होइन एकिन गर्ने ।

६) परीक्षार्थीले Electronics सामाग्रीहरु (Mobile, Smart Watch, I pads, Note pads) आदि सामाग्रीहरु परीक्षा भवन भित्र लैजान वा प्रयोग गर्न पाउने छैनन् ।

७) परीक्षार्थीले परीक्षा भवन भित्र निषेधित बस्तुहरु लैजान पाउने छैनन् । निषेधित वस्तु लगेमा वा अभद्र व्यवहार गरेमा केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थी उपर त्रि.वि. नियमानुसार कारवाही गर्नुका साथै परीक्षा भवनबाट निष्काशन गर्न सक्नेछ ।

८) परीक्षार्थीले Answer Sheet मा Black pen मात्र प्रयोग गर्न पाउने छन् । Pencil र Correction fluid आदि प्रयोग गर्न पाउने छैनन् ।

९) प्रवेश परीक्षाको- प्रश्नपत्रमा १०० वटा Objective प्रश्नहरु रहने छन् । त्यसमध्ये परीक्षार्थीले प्रत्येक प्रश्नको Option हरुमध्ये बाट सही उत्तर छनौट गर्नु पर्ने छ ।

१०) परीक्षार्थीले answer Sheet मा दिएको A,B,C,D मध्ये कुनै एक ○ सर्कलमा सही उत्तर छानी सर्कल भित्र Black Pen ले ● Bold गर्नु पर्ने छ ।

११) परीक्षार्थीहरुले परीक्षा भवन भित्र एक आपसमा कुराकानी गर्न पाउने छैनन् ।

१२) परीक्षा संचालन भएको एक घण्टा पछि मात्र परीक्षार्थीले निरिक्षकको अनुमति लिएर शौचालय जान सक्नेछन् ।

१३) परीक्षार्थीले केन्द्राध्यक्ष र निरीक्षकको अनुमति लिएर परीक्षा शुरु भएको एक घण्टा पछि प्रश्नपत्र र Answer Sheet बुझाएर बाहिर जान सक्नेछन् ।

१४) आफु सम्मिलित हुनु पर्ने परीक्षामा आफु नै सम्मिलित हुनु पर्ने छ । अरुलाई सम्मिलित गराएमा त्यस्ता परीक्षार्थीलाई त्रि.वि. नियमानुसार कारवाही गरिने छ ।

१५) प्रश्नपत्र र Answer Sheet एकै ठाउँमा स्टीज गरी पठाउनु पर्ने छ ।

१६) बढी भएको प्रश्नपत्र र Answer Sheet विज्ञान डीनको कार्यालयमा फिर्ता पठाउनु पर्ने छ ।